# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः २०७४।७५
च.नं.: मितिः २०७५।१२।१४

श्री प्रमुखज्यू,
नरहरिनाथ गाउँपालिका,
कालिकोट ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

यस कार्यालयबाट नरहरिनाथ गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ८९ लाख ५९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२२ लाख २५ हजार, नियमित गर्नुपर्ने रु. ११ लाख ७९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ८ लाख १४ हजार र पेश्की रु.४७ लाख ४१ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।६।१९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना २३ (तेइस) यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# नरहरिनाथ गाँउपालिका

## लेखापरीक्षण प्रतिवेदन,

## २०७४।७५

**परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाउँपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । कर्णाली प्रदेशमा अवस्थित यो गाउपालिका अर्न्तगत ९ वडा रहेको गाउ सभा ४८ जना सदस्य रहेको छ। यस गाउँपालिका १४३.८६ व.की. मी क्षेत्रफलमा फैलिएको छ भने यस क्षेत्रमा २१३६६ जनसंख्या रहेको छ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं | आय | रकम | रकम | सि.नं | व्यय | रकम | सि.नं |
|---|---|---|---|---|---|---|---|
| **१.** | **गत वर्षको जिम्वेवारी** | | **५५,८४,८४४.३५** | **१.** | **वित्तिय हस्तान्तरण** | | **२०,८३,६२,१९२.९१** |
| | क. मुल कोष खाता | ५०,११,४२५ | | | समानीकरण अनुदान चालु | २,०९,७५,९५०.२ | |
| | ख. संयिय संरचना पु.वि.का.पुजीगत | ३,९३,४०५.९९ | | | समानीकरण अनुदान पुजीगत | ८,९७,५७,२४४ | |
| | ग. संघीय संरचना चालु | १,८०,०१३.३६ | | | सशर्त अनुदान चालु शिक्षा | ७,९०,८६,८७४.९१ | |
| २ | **आन्तरिक आय राजाजस्व)** | | **७,३४,९६९** | | गसशर्त अनुदान चालु स्वास्थ्य | १,६७,८१,०७३.८ | |
| | क. सिफारीस दस्तूर | | | | सशर्त अनुदान चालु कृषि | ६,०८,२१० | |
| | ख. मालपोत दस्तुर | | | | सशर्त अनुदान चालु पशु | ११,५२,८४० | |
| | ग. अन्य | | | २ | **विषयगत निकायहरुको खर्च** | | **९,०९,०९,०४९.८९** |
| | | | | | | | |
| **३.** | **वित्तिय हस्तान्तरण** | | **२८,६७,२०,०००** | | स्था.शा तथा सा.वि.का.पुजीगत | ५,९५,३३७ | |
| | क. समानीकरण अनुदान चा.र पु. | १८,२७,८६,००० | | | स्था.शा तथा सा.वि.का.चालु | ७,९१,७५० | |
| | ख. सशर्त अनुदान चालु शिक्षा | ८,४९,४९,००० | | | कर्णाली रोगजार का.चालु | १,२५,००० | |
| | ग. सशर्त अनुदान चालु स्वास्थ्य | १,७७,६४,००० | | | कर्णाली रोगजार का.पूजीगत | १,८९,८६,८६८ | |
| | घ. सशर्त अनुदान चालु कृषि | ३,०४,००० | | | साना सिचाई पुजीगत | ३९,८४,५००.८९ | |
| | ङ. सशर्त अनुदान चालु पशु | ९,१७,००० | | | प्रयास हेल्मेटास पुजीगत | ६६,१६,४४१ | |
| ४ | **विषयगत निकायहरुवाट प्राप्त** | | **८,७६,१४,६५८.८९** | | दुर्गम क्षेत्र विकास कार्यक्रम | १५,२७,९५३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्था.शा तथा सा.वि.का.पुजीगत | ५,९५,३३७ | | | वहुक्षेत्रिय पोषण कार्यक्रम | १२,४०,००० | |
| | स्था.शा तथा सा.वि.का.चालु | ८,८५,००० | | | छ. जेष्ठ नागरीक, दिर्घ सा.सु. | ५,७०,४१,२०० | |
| | कर्णाली रोगजार का.चालु | १,२५,००० | | ६. | **फ्रिज** | | **६९,३९,१०१.२९** |
| | कर्णाली रोगजार का.पूजीगत | १,८९,८६,८६८ | | | .सशर्त अनुदान चालु स्वास्थ्य | ९,८२,९२६.२० | |
| | साना सिचाई पुजीगत वैदेशिक | २२,२४,७०० | | | सशर्त अनुदान चालु शिक्षा | ५८,६२,१२५.०९ | |
| | साना सिचाइ पु. ने.सरकार | १७,५९,८००.८९ | | | सामाजिक सुरक्षा | ८०० | |
| | प्रयास हेल्भेटास पुजीगत | ३६,००,००० | | | स्था.शा तथा सा.वि.का.चालु | ९३,२५०.०० | |
| | दुर्गम क्षेत्र विकास कार्यक्रम | १५,२७,९५३ | | ७ | **बैक मौज्दात** | | **८,२१,२८,६२४.२१** |
| | वहुक्षेत्रिय पोषण कार्यकम | ८,६८,००० | | | मूल संचित कोष | ६,६३,२८,३९४ | |
| | जेष्ठ नागरीक, दि.से.स.सा.सु.का | ५,७०,४२,००० | | | चालू तर्फ | ५७,१५,६३०.५७ | |
| ५ | **विविध श्रोत बाट प्राप्त नगद जम्मा पेश्की फिर्ता लगायत** | | **१,७८,०५७.१२** | | पुजीगत तर्फ | १,००,८४,५९९.६४ | |
| | | | | ८ | **फ्रिज तथा फिर्ता गर्नुपर्ने** | | **-७५०६४३८.९४** |
| | | | | | ज. सा.सु. फिर्ता | ४३२३०० | |
| | | | | | झ. फ्रिज फिर्ता | ६९३९१०१.२९ | |
| | | | | | ठ. नगद सापटी तिर्नुपर्ने | १३५०३७.६५ | |
| | **जम्मा** | | **३८,०८,३२,५२९.३६** | | **जम्मा** | | **३८,०८,३२,५२९.३६** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | | |
| १. | **फ्रिज गर्नुपर्ने :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ७४।७५ च.नं. १०६४ मिति २०७५।३।३ को पत्रानुसार शर्सत अनुदानको रकम खर्च नभई बाँकी रहेकोमा संघीय संञ्चितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । शिक्षा, स्वास्थ्य, स्थानिय शासन तथा सामुदायिक पूर्वाधार विकास कार्यक्रम लगायत शसर्त अनुदान रकमको खर्च नभएको बाँकी रकम रु.६९३९१०१.२९ हालसम्म पनि दाखिला नगरी गाउँपालिकाको खाता मै राखेको देखिएकोले संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ । साथै नगद सापटी देखाएको रु.१३५०३७६५ एकिन गरी प्रमाण पेश हुनुपर्दछ । | ७०७४१३८.९४ |
| २. | **बार्षिक बजेट तथाकार्यक्रम तर्जुमा** :स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को बूँदा नं. ५.५.३ मा बजेट तर्जुमा समितिले तयार गरेको वार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा अनुसुची ५ बमोजिमको ढाँचामा असार ५ गते भित्र कार्यपालिका समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी ५.७.२ (घ)मा कार्यपालिकाबाट पेश भएको बजेट तथा कार्यक्रम | |

| | | |
|---|---|---|
| | असार मसान्त भित्र सम्बन्धित सभाले पारित गरिसक्नु पर्ने व्यवस्था छ । गाउँसभाले श्रावण ८ गते आ.व. ०७४।७५ को लागि बार्षिक नीति तथा कार्यक्रम र बजेट पारित गरेको देखिन्छ । गाँउपालिकाको सेवा प्रवाह एवं विकासमा बजेट समयमा पारित नहुदा असर पर्ने हुदा ऐनको पालना गरी समय सीमा भित्र नै बजेट पेश तथा पारित गरीनुपर्दछ । | |
| ३. | **विषयगत क्षेत्रः** स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को बूँदा नं. ५.१.३ मा गाँउपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकललाई आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातवरण तथा विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकास जस्ता विषयगत क्षेत्र छुट्टाउनु पर्ने व्यवस्था छ । यस गाँउपालिकाले वन वातवरण तथा विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकास जस्ता विषयगत क्षेत्रका रुपमा बार्षिक योजना तथा बजेट तर्जुमामा समावेश छैन । दिग्दर्शनको पालना गरी समानुपातिक ढंगबाट विकास क्रियाकलप समावेश गरिनु पर्दछ । | |
| ४. | **श्रोतअनुमान तथा बजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाँउपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न ४ सदस्यीय श्रोत अनुमान तथा बजेट निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण , सन्तुलीत वितरणमा, बजेट सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेका छ । उक्त समितिले आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गरेको, राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवाश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत साधनको सन्तुलित वितरणको खाका तय गर्ने गरेको, आगमी आर्थिक वर्षको लागि श्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने गरेको, विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने गरेको, विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गर्ने, आफ्नो कार्य प्रत्येक वर्षको फाल्गुण महिना भित्र सम्पन्न गर्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगमी आर्थिक वर्ष पछिको थप दुई वर्ष समेत गर्नुपर्नेमा गरेको पाईएन । ऐनमा भएको व्यवस्था पालना गरी दिएको काम कर्तव्य अधिकारको उपयोग गर्दै श्रोतको अनुमान तथा बजेटको सीमा तोकिएको समयमा तय गर्नुपर्दछ । | |
| ५. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । हाल सम्म कुनै वडा सचिवलाई सो किसिमको अख्तीयारी दिएको छैन । ऐनको पालना गरी कार्यक्रम तथा बजेट अनुसार खर्च गरिनुपर्दछ । | |
| ६. | **बजेट प्राथमिकिकरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । आगमी आर्थिक वर्ष तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने गरेको, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरेको पाईएन । ऐनले तोकिएको जिम्मेवारी पुरा गरिनुपर्दछ । | |
| ७. | **स्थनीय तथ्यांक र अभिलेखः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको पाईएन । स्थानीय तहका हरेक सेवा प्रवाह र विकास निर्माण कार्यको प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, | |

| | | |
|---|---|---|
| | बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ | |
| ८. | **आन्तरिक लेखापरीक्षण:** स्थानायी सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) अनुसार स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले आ.व.२०७४।७५ को आन्तरिक लेखापरीक्षण गराएको छैन । कार्यालयले ऐनमा तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ । | |
| ९. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ। यस गाउपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । जसले सेवा प्रवाह र विकासका क्रियाकलपमा असर पर्दछ । | |
| १०. | **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाँउपालिकाहरुले सूत्र सफ्टवेयर प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । म्यानुअल प्रणालीमा राखिएको लेखा भरपर्दो र एकरुपतामा कमि आउने हुदा विश्वसनियता कायम गर्न सुचना प्रविधीमा आधरित प्रणाली अवलम्बन गरिनुपर्दछ । | |
| ११. | **योजना र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । यस नगरपालिकाले नियममा उल्लेखित योजना छनौट र प्राथमिकिकरण गरेको तथा मध्यम एवं दिर्घकालिन प्रकृतिको आयोजनाको सूचि तयार गरेको पाईएन । योजना छनौट तथा प्राथमिकरणलाई ध्यान दिई योजना वैक वनाउनुपर्दछ । | |
| १२. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १३. | **आन्तरिक आयतर्फ :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस गाँउपालिकाले रु. ७३४९६९। राजस्व संकलन गरेको देखिन्छ । यस कार्यालयबाट राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । गाउँपालिकाबाट यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| १४. | **सञ्चित कोषमा दाखिला :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकि बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा गाँउपालिकाको सञ्चित कोषमा स्वतः जम्मा हुने व्वस्था छ । यस कार्यालयको चालुमा रु. ५७,१५,६३०.५७ र पुँजीमा रु १,००,८४,५९९.६४ सञ्चित कोषमा दाखिला छैन । नियमको परिपालना गरी दाखिला गर्नु पर्दछ । | |
| १५. | **सम्पत्ति विवरण पेश नगरेको :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११०(१) मा | |

<table>
<tr><td></td><td>सदस्यले पद धारण गरेको र आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल अचल  सम्पत्तिको श्रोत वा निस्सा सहितको अद्यावधिक विवरण प्रचलित कानुनले तोकेको ढाँचामा सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्दछ भन्ने व्यवस्था छ । हाल सम्म पनि कुनै सदस्यले सम्पक्ति विवरण बुझाएको पाईएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>प्रशासकीय सङ्गठन र कर्मचारी दरवन्दीः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ मा नगरपालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यनमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा र महाशाखा रहेको सङ्गठनसंरचना कायम गर्नुपर्ने व्यवस्था रहेको छ । हाल कार्यालयमा अधिकृत २ जना नासु ३ जना , खरिदार ३ जना गरी जम्मा ८ जना स्थायी कर्मचारी कार्यरत छन् । करारमा १ जना ई र ५ जना सव ई ५ जना कम्प्युटर अपरेटर , कार्यालय सहायक साविक गा.वि.स.का ५ जना , १ जना सुपरभाइजर र १३ जना ( गाविसका ५ जना ) कार्यलय सहयोगी करारमा नियुक्त भई कामकाज गर्दै आएको छन ।  अध्यक्ष उपाध्यक्ष का स्वकीय सचिव २ जना कार्यरत देखिन्छ । संघीय सरकारबाट समायोजन प्रकिया अन्तिम निश्कर्षमा नपुगेको अवस्थामा अनावश्यक पद भए खारेज गर्नु पर्ने र स्थायी पदपुर्तिको लागि पहल गर्नुपर्दछ  ।</td><td></td></tr>
<tr><td>१७.</td><td>पेश्की व्यवस्था : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम (१) मा सरकारी वा अन्य कुनैव्यक्तिले सरकारी काम काजको निमित्त पेश्की लिनु पर्दा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नु पर्ने व्यवस्था छ । नगर प्रमुख, उपप्रमुख, वडाध्यक्ष, लागायतका पदाधिकारी एवं कर्मचारीहरुले विभिन्न शिर्षकमा पेश्की लिई खर्च गरेकोमा नियमावलीमा व्यवस्था भए बमोजिम स्पष्ट प्रयोजन र लागत अनुमान पेश गरेको पाइएन । कार्यालयले नियमको पालना गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>भ्रमण अभिलेख खाता तथा प्रतिवेदन : भ्रमण खर्च नियमावली २०६४ को नियम ४ र नियम २१ अनुसार भ्रमण यथासम्भव कम खर्चिलो वाटो वा साधनवाट गर्नुपर्ने गरी कर्मचारीलाई काजमा खटाउनु पर्ने र अनुसुची–६ को ढांचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । यसै गरी नियम १८(१) मा भ्रमणमा खटिने कर्मचारीले भ्रमण समाप्त भएपछि भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कर्मचारीहरुलाई विभिन्न ठाउंहरुमा पठाई भ्रमण खर्च गरेकोमा ति कर्मचारीहरुको भ्रमण अभिलेख तथा भ्रमण आदेश कार्यालयमा दर्ता गर्ने गरेको देखिएन । नियमको परिपालनामा कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>हेभी मेशीनहरु प्रयोगः  सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नमिल्ने व्यवस्था छ ।  उदाहरणको रुपमा गाउँपालिकाबाट संचालित निम्न २ वटा आयोजनामा उपभोक्ता समितिबाट रु.१२३८६२५०/- मूल्यको एक्साभेटर प्रयोग गरी निमार्ण कार्य गरेको देखिन्छ । कार्यालयले नियमको पालना गरी निर्माण कार्य गराउनु पर्दछ र यस्ता कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।
<table>
<tr><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>लालिघाट सनाथली सडक खण्ड क</td><td>६००००००/-</td><td>५७०००००/-</td></tr>
<tr><td>लालिघाट सनाथली सडक खण्ड ख</td><td>६००००००/-</td><td>५७०००००/-</td></tr>
<tr><td>जम्मा</td><td>१२००००००/-</td><td>११४०००००/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०.</td><td>दोहोरो चेनेज : लालिघाट सुनथली सडक खण्ड क मा चेनेज ३+३०० देदि ४+१३१ सम्म कार्य गरेको देखिन्छ  भने यसैको खण्ड ख मा चेनेज ३+७५६ देखि ४+८१५ कार्य गरेको देखिन्छ । लागत अनुमानमा भएको चेनेज नापी किताव सँग मेल खादैन । नापी किताव अनुसार चेनेज ३+७५६ देखि ४+१३१ सम्म ३७५ मिटर सडक दोहोरो देखाई  रु.२०१८४१३.६० वढी भुक्तानी भएको छ । सो को यार्थाथ प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ  ।
<table>
<tr><th>योजनाको नाम</th><th>एक्जाभेटरले खनेको सडक मिटर</th><th>भुक्तानी रकम</th><th></th></tr>
</table></td><td>२०१८४१३.६०</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| लालिघाट सुनाराथली सडक खण्ड क | १०५९ | ५७०००००/- | |
| दोहोरो चेनेज खण्ड ख | ३७५ | ५७०००००/- | ६१९३१२५/१०५९*३७५= २०१८४१३.६० |

२१. **संभ्कौता विपरित भुक्तानी :** लालिघाट सुनाराथली सडक खण्ड क र ख र न्यु पृथ्वी निर्माण सेवाका विच भएको संभ्कौतामा प्रति घण्टा वकेटको रु.८०००। र ब्रेकरको रु.९०००।- हुने कुरा उल्लेखछ । १२५९८ घनमिटर सडक खन्ने काम भएकोमा मध्ये २१२२ घनमिटर माटो र बाँकी चट्टान काटी सडक निर्माण गरेको देखिन्छ । २१२२ घनमिटर माटो भएको सडक खन्न विभागिय नर्स्स अनुसार सम्पुर्ण सडक खन्ने कामको मूल्य ब्रेकरको मुल्यमा नै भुक्तानी भएकोले ५२ घण्टाको ८००० हुनुपर्नेमा रु.९०००।- ले भुक्तानी भएकोले वढी भुक्तानी घण्टाको रु.१०००।- ले हुन आउने ५२ घण्टाको रकम रु.५२०००।- असुल गर्नुपर्दछ ।

| **प्रकार** | **घनमिटर** | **घनमिटर** | **सडक विभागको निर्माण नर्म्स १ घनमिटरको लागि चाहिने समय** | **घण्टा** |
|---|---|---|---|---|
| साधारण माटो ओएस | ३२७५.८ | ६४०९.१३ | ०.०१६७ | ५२ |
| कडा माटो एचएस | ३१३३.३३ | | | |
| साधरण चट्टान ओआर | २७०४.०२ | ५०३१.२४ | | |
| औषत चट्टान एमआर | २३२७.२२ | | | |
| कडा चट्टान एचएस | २१५८.१७ | २१५८.१७ | | |
| | १३५९८.५४ | | | |

५२०००/-

२२. **वढी भुक्तानी :** टि एन एस कन्स्ट्रक्सनसँग लालखुलाल मालकोट खाति रुप्सा सडक खण्ड क निर्माणको लागि संभ्कौतामा प्रति घण्टा वकेटको रु.८०००। र ब्रेकरको रु.९०००। हुने कुरा उल्लेखछ । ८५५२ घनमिटर सडक खन्ने काम भएको मध्ये २५०३ घनमिटर माटो र बाँकी चट्टान काटी सडक निर्माण गरेको देखिन्छ । २५०३ घनमिटर माटो भएको सडक खन्न विभागिय नर्स्स अनुसार सम्पुर्ण सडक खन्ने कामको मूल्य ब्रेकरको मुल्यमा नै भुक्तानी भएकोले ४७ घण्टाको ८००० हुनुपर्नेमा रु.९०००।- ले भुक्तानी भएकोले वढी भुक्तानी घण्टाको रु.४७०००। ले हुन आउने ४७ घण्टाको रकम रु.४७०००।- असुल गर्नुपर्दछ ।

| **प्रकार** | **घनमिटर** | **घनमिटर** | **सडक विभागको निर्माण नर्म्स १ घनमिटरको लागि चाहिने समय** | **घण्टा** |
|---|---|---|---|---|
| साधारण माटो ओआर | १५०३.९८ | २५०३.६९ | ०.०१६७ | |
| कडा माटो एचएस | ९९९.७१ | | | ४७ |
| साधरण चट्टान ओआर | ११७४.८५ | | | |
| औषत चट्टान एमआर | २४५९.३६ | ३६३४.२१ | | |
| कडा चट्टान एचआर | २४१४.३८ | २४१४.३<br>८ | | |
| | ८५५२.२८ | | | |

४७०००/-

२३. **संभ्कौता र दर नखुलेको :** लालुखुलालु माल्कोट खाती रुप्सा सडक निर्माण कार्यको लागि उपभोक्ता समिति (ग)ले डोजर धनि म्याक कन्टक्शन प्रा.लि. सँग कुनै संभ्कौता तथा दर उल्लेख नगरेकोले कति रुपैयामा कति घण्टा वकेट तथा ब्रेत्रकर खपत सो को एकिन भएन । तसर्थ संभ्कौता तथा दर उल्लेख नगरी विल पेश भएकोले यस सम्बन्धि छानविन गर्नुपर्दछ साथै भ्याट भुक्तानी भएको रु.४२६८२३।- को कर समायोजन विवरण पेश गर्नुपर्दछ । — ४२६८२३/-

२४. **नेपाल सरकारलाई थप व्ययभार :** पहिलो पक्ष पचालभ्करना गाउपालिका वडा नं. ८ वस्ने भुली प्रसाद संज्याल(आफ्नै नाममा यातायात कार्यालय वाँकेमा दर्ता रहेको सि.वि.कम्पनीको स्काभेटर जे.सि.वि. २२० सिसि.) र दोश्रो पक्ष नरहरीनाथ गाउपालिका बडा नं.२ वस्ने अग्रबहादुर विष्ट विच ठम्म प्रसाद आचार्य खाडाचक्र नंपा.३ र लक्ष्मी प्रसाद वराल रास्कोट न.पा.८ साक्षि किनाराका साथ २०७५ जेठ १३ गते प्रति वकेट रु.३६००।- र प्रति ब्रेकर ४६००।- लिनेदिने संभ्कौता भएको देखिन्छ । साथै कुन काम कहाँको लागि गर्नको लागि संभ्कौता गरेको खुल्न सकेको

<table>
<tr><td></td><td>देखिदैन । सो संझौताको कुनै कार्यान्वयन भएको देखिदैन । अर्को संझौता न्यु पृथ्वी निर्माण सेवा सुर्खेत विरेन्द्रनगर ९ सँग प्रति वकेट रु.८०००।- र प्रति वेकर रु.९०००।- का दरले गर्ने गरी मिति २०७५।०२।२० मा दोश्रो पक्ष नरहरीनाथ गाउपालिका बडा नं. २ वस्ने लालिघाट सुनराथराली गाउपालिका उपभोक्ता समितिका अध्यक्ष अग्रबहादुर विष्टसँग संझौता गरी सोही अनुसार भुक्तानी गरेको देखिन्छ । पहिलो संझौता कार्यान्वयन नगर्नाको कारण राज्यलाई प्रति वकेट रु.४४०० र प्रति व्रेक्रर रु. ४४०० गरी प्रति घण्टाको दरले वढी भुक्तानी गई राज्यलाई व्ययभार पर्ने देखिन्छ । सो सम्बन्धमा यथार्थ छानविन गरी  नियमानुसार कार्वाही प्रक्रिया अगाडी वढाई  निर्माण कार्य पारदर्शी र मितव्ययी ढंगबाट गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>बढी भुक्तानीः सार्वजानिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजानिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको वील भपाई सहितको लेखा राख्नुपर्ने प्रावधान छ । त्यसै गरी नियम ३६(८) रकम भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । माथी उल्लेखित नियम पालना नगरेकोले सो सम्बन्धि व्यहोरा निम्नानुसार छन् । नियमको पालना गरी निर्माण कार्यको भुक्तानी हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.१.</td><td>५३।०७४।१२।१४ प्राथमिक स्वास्थ्य केन्द्र डाडामाडु ३ को तटवन्धन तथा वाँध निर्माण कार्यको लागि २७८७ केजी. खपत भएको नापी कितावमा उल्लेख भएबमोजिम नै भुक्तानी भएको र ग्याविन तार २६००।- केजी मात्र खरिद गरेकोले वढी भुक्तानी भएको १८७ के.जी. तारको प्रति केजी रु.१२८।- का दरले हुन आउने रकम रु.२३९३६ को जनश्रमदान अंश कट्टा गरी रु.१९१४८।- असुल हुनुपर्दछ ।
<table>
<tr><th>ग्याविन तार</th><th>डोलिदार नर्म्स</th><th>वक्स संख्या</th><th>आवश्यक के.जी.</th></tr>
<tr><td>जिआइ मेश तार १० एसडब्यूजी</td><td>२७.५</td><td>९२</td><td>२५३०</td></tr>
<tr><td>जिआई सेलभेज ७ एसडब्यूजी</td><td>२.८</td><td>९२</td><td>२५७.६</td></tr>
<tr><td></td><td></td><td></td><td>२७८७.६</td></tr>
</table></td><td>१९१४८/-</td></tr>
<tr><td>२५.२.</td><td>७५।०७४।१२।२६ जनकल्याण आ. वि. फिल्ड निर्माणको कार्यको लागि ४५४। केजी. रु.१२५। का दरले खपत भएको नापी कितावमा उल्लेख भएबमोजिम नै भुक्तानी भएको र ग्याविन तार ३००। केजी मात्र खरिद गरेकोले वढी भुक्तानी भएको १५४ के.जी. तारको प्रति केजी रु.१२५। का दरले हुन आउने रकम रु.५६८७५।- को जनश्रमदान अंश कट्टा गरी रु.४५५३३।- असुल हुनुपर्दछ ।
<table>
<tr><th>ग्याविन तार</th><th>नर्म्स</th><th>वक्स संख्या</th><th>आवश्यक के.जी.</th></tr>
<tr><td>जिआइ मेस तार १० एसडब्यूजी</td><td>२७.५</td><td>१५</td><td>४१२.५</td></tr>
<tr><td>जिआई सेलभेज ७ एसडब्यूजी</td><td>२.८</td><td>१५</td><td>४२</td></tr>
<tr><td></td><td></td><td></td><td>४५४.५</td></tr>
</table></td><td>४५५३३/-</td></tr>
<tr><td>२५.३.</td><td>११५।०७४।१२।२० आलीवाडा सिंचाई पोखरी संरचना निर्माणको कार्यको लागि १६०। केजी. रु.२९१।९० का दरले खपत भएको नापी कितावमा उल्लेख भएबमोजिम नै भुक्तानी भएको र ग्याविन तार ४०। केजी मात्र खरिद गरेकोले वढी भुक्तानी भएको १५४ के.जी. तारको प्रति केजी रु.२९१।९० का दरले हुन आउने रकम रु.१५६७६। को जनश्रमदान अंश कट्टा गरी रु.१२५७४। असुल हुनुपर्दछ ।</td><td>१२५७४/-</td></tr>
<tr><td>२५.४.</td><td>१३२।२०७४।१२।२० डाडमाडु मन्दिर निर्माण बडा नं.३ को लागि स्टीलबार कार्यसम्पन्न प्रतिवेदनमा २६० केजी. प्रति मिटर रु.१५३।७९ का दरले जडान भएको उल्लेख छ ।  खरिद गरेको ११० केजी.मात्र देखिएकोले खरिद भन्दा वढी भुक्तानी गरेको १५० केजीको प्रति केजी. १५३।७९ ले हुन</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>आउने रकम रु.२३०६८ को श्रमदान अंश कट्टा गरी रु.१८४८८। असुल गर्नुपर्दछ ।</td><td>१८४८८/-</td></tr>
<tr><td>२५.५.</td><td>१३६-२०७४।१२।२९ महादेव आ.वि. भवन निर्माणको कार्यको नापी किताबमा रु.३४१६७२।८० उल्लेख भएको र कार्यसम्पन्न प्रतिवेदनमा रु.३४९९८४।५३ उल्लेख भई सोही अनुसार भुक्तानी भएकोले कार्य नै नभएको कार्यसम्पन्नमा देखाई भुक्तानी भएको रकम रु.७६११। असुल हुनुपर्दछ ।</td><td>७६११/-</td></tr>
<tr><td>२५.६.</td><td>७५।०७४।१२।२६ जनता आधारभुत विद्यालय फिल्ड निर्माणको कार्यको लागि ८४८। केजी. रु.१२५। का दरले खपत भएको नापी किताबमा उल्लेख भएबमोजिम नै भुक्तानी भएको र ग्याविन तार ६००। केजी मात्र खरिद गरेकोले वढी भुक्तानी भएको २४८ के.जी. तारको प्रति केजी रु.१२५। का दरले हुन आउने रकम रु.३१०००। को जनश्रमदान अंश कट्टा गरी रु.२४८६२। असुल हुनुपर्दछ ।<br><br>
<table>
<tr><th>ग्याविन तार</th><th>नर्म्स</th><th>वक्स संख्या</th><th>आवश्यक के.जी.</th></tr>
<tr><td>जिआइ मेस तार १० एसडब्यूजी</td><td>२७.५</td><td>२८</td><td>७७०</td></tr>
<tr><td>जिआई सेलभेज ७ एसडब्यूजी</td><td>२.८</td><td>२८</td><td>७८.४</td></tr>
<tr><td></td><td></td><td></td><td>८४८.४</td></tr>
</table></td><td>२४८६२/-</td></tr>
<tr><td>२५.७.</td><td>बडागत योजना कन्टिजेन्सीबाट विरामी बोक्नको लागि रु.४०००००।- सिम्रिक एयर हेलिकप्टर भाडाबापत खर्च लेखेकोछ । गाउपालिका तथा गाउसभाको निर्णय समर्थन विना खर्च लेखेका नियम सम्मत देखिएन । नियमानुसार खर्च गर्नुपर्दछ ।</td><td>४०००००/-</td></tr>
<tr><td>२५.८.</td><td>वडा नं. ६ स्थित पदाधिकारी को क्षमता विकासवाट संसोधन गरी वडा दशै कार्यक्रम व्यवस्थापन समितिको अध्यक्ष नमराज शाहीलाई रु.६००००।- भुक्तानी गरेको नियम सम्मत देखिएन । सम्बन्धित बजेट कार्यक्रममा नै खर्च गरिनुपर्दछ ।</td><td>६००००/-</td></tr>
<tr><td>२५.९.</td><td>३१०।२०७५।३।२७ खरिद नभएको १६ एमएम को ६०० मिटर पाईप प्रति केजी रु.२३ का दरले हुन आउने रकम रु.१३८००। असुल हुनुपर्दछ ।</td><td>१३८००/-</td></tr>
<tr><td>२५.१०.</td><td>कुनै कुनै योजना निर्माण कार्यमा कामदार डोर हाजिरी प्रमाणित गरेका पाईएन । उदाहरणको रुपमा ३१५।२०७५।३।२६ वडा नं ४ स्थित विश्वकुना मा.वि. फिल्ड निर्माण उपभोक्ता समिति मार्फत कार्य भएकोमा कामदार डोर हाजिर प्रमाणित छैन । सम्पुर्ण डोर हाजिर प्रमाणित गरी राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.</td><td>प्राविधिक मूल्याङ्कनः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले रचना दोश्रो खानेपानी तथा सरसफाई योजनाको रु.२४००००। भुत्तानी गरेकोमा उक्त कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई पेश भएको देखिएन ।</td><td>२४००००/-</td></tr>
<tr><td>२७.</td><td>दर रेट फरक पारी निर्माण कार्य गरेको : निर्मित भवनको संरचनात्मक सुधार अर्न्तगत स्वास्थ्य चौकी माल्कोटको भबन मर्मत कार्य गर्दा Dry stone massonary wall निर्माण कार्यको दर बिष्लेषणमा रु.१९८२।- भएकोमा कार्यसम्पन्न प्रतिबेदनमा रु.४६६७।- का दरले ५.६७ घ.मी को भुक्तानी दिएको रु.२६८५।- का दरले ५.६७ घ.मी को रु.१५२२३। बढी भुक्तानी भएको छ ।</td><td>१५२२३/-</td></tr>
</table>

<table>
<tr><td></td><td>समानीकरण अनुदान चालु तर्फः</td><td></td></tr>
<tr><td>२८.</td><td>जिन्सी निरीक्षण नगरेकोः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० (१) अनुसार नियम ४६, ४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सीमालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटकआफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीवा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लेखि वा लिई राख्ने व्यवस्था छ । कार्यालयले निमानुसार जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन । कार्यालयले नियमावलीको पालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>खर्च भएर नजाने जिन्सीः कार्यालयले खर्च भएर नजाने जिन्सी समानको अभिलेख म.ले.प. फाराम ४७ मा राख्नुपर्ने र प्रत्येक वर्ष नयाँ खरिद गरेका सामानको सोहि खातामा आम्दानी जनाउनुपर्नेमा कार्यालयले खर्च भएर नजाने जिन्सी खाता प्रत्येक वर्ष नँया बनाउने र अघिल्लो वर्षको मौज्दात समेत अ.ल्या. गर्ने गरेको पाइएन साथै चालुबाट खरिद भएका मालसमान र पूँजिगत शिर्षकबाट खरिद गरेका खर्च भएर नजाने मालसमानको छुट्टाछुट्टै खातामा आम्दानी बाँधेको पाईयो । कार्यालयले खप्ने प्रकृतिका समानहरु एउटै खातामा आम्दानी बाध्ने र खाता समाप्त भएपछिमात्र अर्को नयाँमा सार्नु पर्दछ र मालसमान दाखिला गर्दा स्फेशिफिकेसन र भ्याट सहितको मूल्य खुलाएर दाखिाला गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>मू.अ.कर दर्ता नभएकासंग खरिदः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले यस बर्षमा मू.अ.कर दर्ता नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट पनि विभिन्न निर्माण सामग्री र अन्य मालसामान खरिद गरी कार्य गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम मू.अ.कर दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ</td><td></td></tr>
<tr><td>३१.</td><td>कर्मचारी सुविधाः कार्यालयले प्रोत्साहन भत्ता भुक्तानी गर्दा सो संग सम्बन्धित निश्चित कार्यबिधि बनाएर मात्र भत्ता भुक्तानी गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाको मिति २०७४।८।२३ को निर्णयानुसार कर्मचारीलाई कार्यबोझको आधारमा अतिरिक्त समय कामकाज गरेवापत प्रति घण्टा रु.२०० का दरले २०७४।८।१ देखि लागु हुने गरी सुविधा उपलब्ध गराउने निर्णय गरी सोहि अनुरुप निम्नानुसार भत्ता वितरण गरेको छ । गाउँपालिकाले निश्चित कार्यबिधि बनाएर मात्र खर्च गर्नु पर्नेमा सो नगरी खर्च लेखेको रु. १५८०००।- नियमसम्मत देखिएन । कार्यालयले कार्यविधि बनाएर खर्च लेख्नुपर्दछ ।
<table>
<tr><th>गोश्वरा भौचर र मिति</th><th>भुक्तानी लिने व्यक्ति</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>७६-२०६४.१०.२४</td><td>नि.प्र.प्र.अ. श्री धमेन्द्र शाह</td><td>२३२००/-</td></tr>
<tr><td></td><td>ले.पा. हिरा सिंह बोहरा</td><td>७०८००/-</td></tr>
<tr><td>१९६-२०७५.३.२९</td><td>ले.पा. हिरा सिंह बोहरा</td><td>६४०००/-</td></tr>
<tr><td></td><td></td><td>१५८०००/-</td></tr>
</table></td><td>१५८०००/-</td></tr>
<tr><td>३२.</td><td>बैठक भत्ताः आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको वील भपाई सहितको लेखा राख्नुपर्ने प्रावधान छ । त्यसै गरी नियम ३६(८) रकम भुक्तानी दिदा रित पुगेनपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट पदाधिकारीलाई बैठक भत्ता वितरण गर्दा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| ३२.१. | ३४-२०७४।९।२० विभिन्न वडाका पदाधिकारी बैठक भत्ता वितरण गरेकोमा वडा नं ८ र वडा नं ९ का वडा अध्यक्षहरुले ६ वटा बैठकको भत्ताको भरपाईमा अन्य सबै पदाधिकारीको हस्ते गरी बुझेको देखिएकोले ६/६ वटा बैठकको रु २५०० का दरले भुक्तानी भएको रु ३००००/- अन्य पदाधिकारीले बुझेको प्रमाण पेश हुनुपर्दछ । | ३००००/- |
| ३२.२. | वडा नं ८ का सदस्यश्री चन्दा वि.क. बैठक मिति २०७४।४।२०, ४।३१ र ५।१५ मा भएको बैठकमा उपस्थिति नभएको अवस्थामा समेत भत्ता भुक्तानी भएको देखिएकोले कर बाहेकको ४२५ का दरले रु १२७५ असुल हुनुपर्दछ । | १२७५/- |
| ३२.३. | ७०।२०७४।९।२४ मा बैठक भत्ता वापत रु २३९०००।- खर्च लेखेकोमा ८ वटा वडाको ९ वटा बैठकको र गाँउपालीको ५ वटा बैठकको भत्ता बुझेको रु.२१६५००/- को मात्र भरपाई पेश भएकोले नपुग रु २२५००/- को भरपाई पेश हुनुपर्दछ अन्यथा असुल हुनुपर्दछ । | २२५००/- |
| ३२.४. | बडा नं. ५ को ९ वटा बैठकको प्रति बैठक २००० का दरले रु. १८०००/- भत्ता वितरण गरेकोमा भरपाईमा १ जनाले अन्य सबै पदाधिकारीको हस्ते गरी बुझेको देखिएकोल सबै पदधिकारीले बुझेको भरपाई पेश हुनुपर्दछ । | १८०००/- |
| ३३. | **ढुवानी खर्चः** ३३।२०७४।८।१९ आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको वील भपाई सहितको लेखा राख्नुपर्ने प्रावधान छ । त्यसै गरी नियम ३६(८) रकम भुक्तानी दिदा रित पुगेनपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकमा आवश्यक पर्ने सामग्री कालेखोला देखि गा.पा. सम्म ढुवानी गरे वापत १४ जनालाई रु ५४९००/- भुक्तानी खर्च लेखेकोमा भरपाई पेश नभएकोले भरपाई पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्दछ । | ५४९००/- |
| ३४. | **स्वकीय सचिव नियुक्तीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) अनुसार गाउँपालिकाले प्राविधिक, वडाकार्यालय सहायक, कार्यालय सहयोगी, चौकीदार आदि प्रतिस्पर्धाको आधारमा सेवा करार लिनु पर्ने व्यवस्था छ । गांउपालीकाले अध्यक्ष र उपाध्यक्षको स्वकीय सचिव नियुक्त गरी २०७४ श्रावण देखि २०७५ आषाढ सम्म २ जनाको मासिक १५,००० का दरले करार सेवा शुल्कबाट रु.३६००००/- तलब खर्च भुक्तानी गरेको पाइयो । यसरी गांउपालीकाले कार्यविधि नवनाई कानुन विपरित स्वकीय सचिव राखेकोले नियमसम्मत देखिएन । कार्यालयले नियमको पालना गर्नुपर्दछ । | ३६००००/- |
| ३५. | **करारमा नियुक्तिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) अनुसार गाउँपालिकाले प्राविधिक, वडाकार्यालय सहायक, कार्यालय सहयोगी, चौकीदार आदि प्रतिस्पर्धाको आधारमा सेवा करार लिनु पर्ने व्यवस्था छ ।गाउँपालिका अन्तर्गत वडा नं ६ र ७ मा कम्प्युटर अपरेटर र कार्यालय सहयोगि नियुक्त गरेको पाइयो । वडाले सुचना प्रकाशन नगरी सिधै कर्मचारी नियुक्त गरी सकेपछि गाउँपालीकाको मिति २०७४ चेत्र १७ को निर्णय अनुसार चैत्र सम्मको तलब भत्ता भुक्तानी गर्ने र चैत्र पछि नराख्ने निर्णयानुसार रु १५१०००।- खर्च लेखेको पाइयो । यसरी नियम विपरित वडाबाट कर्मचारी नियुक्त गरी खर्च लेखेको रकम नियमसम्मत देखिएन । कार्यालयले कर्मचारी सेवा करार गर्दा ध्यानपुऱ्याउनु पर्दछ । | १५१०००/- |
| ३६. | **प्रतिवेदन पेश नभएको :** १९४-२०७५।३।२९ नरहरीनाथ गाउँपालीकामा स्थायी बसोबास गर्दै | |

| वडा | कर्मचारीको नाम | पद | भुक्तानी रकम |
|---|---|---|---|
| ६ | नरेन्द्र वि.क. | कम्प्युटर अपरेटर | ४७५००/- |
| | अम्मरे सार्की | कार्यालय सहयोगी | ३९६००/- |
| ७ | दलविर वटाला | कम्प्युटर अपरेटर | ६४०००/- |
| | | | १५१०००/- |

| | | |
|---|---|---|
| | आएका जग्गा धनिको श्रेस्ता अभिलेख उतार गरेवापत मालपोत कार्यालय कालिकोटले हाम्रो फर्निसिङ् एण्ड बुक्स स्टोर्स सप्लायर्शलाई जिम्मा दिएको र कित्ता संख्या ३०००० को प्रति कित्ता रु १० का दरले भुक्तानी दिनको लागि मालपोत कार्यालय मिति २०७५।३।२४ च.न. ५७३ को पत्रानुसार कार्यालयले हाम्रो स्टशनरी कालिकोटलाई रु २५००००।- भुक्तानी गरेकोमा हाम्रो स्टेशनरीले विभिन्न ८ जना व्यक्तिले २७८०० का दरले बुझेको भरपाईमात्र पेश गरकोमा के काम गरेको , कति गरेको, के कति स्रेस्ता उतार गरेको हो सो को प्रतिवेदन एवं स्रेस्ता उतारको प्रमाण कार्यालयमा पेश गरेको पाइएन साथै मालपोतको चिठिमा हाम्रो फर्निसिङ् एण्ड बुक्स स्टोर्स सप्लायर्श भएकोमा हाम्रो स्टेशनरीले विभिन्न व्यक्तिलाई रकम बुझाएको प्रमाण पेश गरेकोमा उक्त काम कसले गरेको र वास्तविक रुपमा काम सम्पन्न्न भए नभएको यकिन नभएकोले उक्त कार्यको प्रमाण पेश हुनु पर्दछ । | २५००००/- |
| ३७. | **बढी भुक्तानीः** १९६-२०७५।३।२९ भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ अनुसार सरकारी कामको सिलसिलामा मुलुक भित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमण वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले अनुसुचि २ बमोजिमका दरले दैनि भत्ता पाउने व्यवस्था छ । साथै उपनियम २ मा भ्रमण वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले अनुसूचि.४ मा उल्लेख भएबमोजिमको कुनै जिल्लामा भ्रमण गर्दा उपनियम १ बमोजिम पाउने दैनिक भत्ताको रकममा थप १० प्रतिशत रकम पाउने उल्लेख छ कार्यालयका पदाधिकारी र कर्मचारीले काठमाडौ, नेपालगञ्ज, सुर्खेत लगायतका जिल्लामा भ्रमण गर्दा समेत १० प्रतिशत थप भत्ता लेखेको देखिएकोले बढी भएको रकम असुल हुनु पर्दछ । | ११६००/- |

| गोश्वरा भौचर र मिति | भ्रमण गर्ने पदाधिकारी | भ्रमण स्थान | भ्रमण अवधि | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १६-२०७४।६।९ | अध्यक्ष श्री धिर ब.विष्ट | सुर्खेत | २०७४/५/१०–५/१६ | ११००० | १००० |
| | उपाध्यक्ष श्री मनशोभा बुढा | सुर्खेत | २०७४/४/२७–५/१ | ११००० | १००० |
| १७-२०७४।६।९ | वडा अध्यक्ष श्री तुलाराज विश्वकर्मा | काठमाडौ | २०७४/४/३१–५/६ | ८२५० | ८२५ |
| | वडा अध्यक्ष दल ब. विश्वकर्मा | काठमाडौ | २०७४/४/३१–५/६ | ८२५० | ८२५ |
| १९६–२०७५।३।१९ | आइ टि अफिसर श्री भरत कठायत | काठमाडौ | २०७५/३/२५–३/३१ | ११००० | १००० |
| | ना.प्र.से.प्र कुल प्रसाद न्यौपने | नेपालगञ्ज | २०७५/३/६–३/१२ | ८२५० | ८२५ |
| | वडा अध्यक्ष श्री गगन ब. फडेरा | सुर्खेत | २०७५/२/२०–२/२६ | ८२५० | ८२५ |
| | ना.प्र.स्वा.प्र श्री मिन ब.विष्ट | नेपालगञ्ज | २०७५/१/५–१/१२ | ८२५० | ८२५ |
| | ना.प्र.स्वा.प्र. हिक्मत सहकारी | नेपालगञ्ज | २०७५/३/६–३/१२ | ८२५० | ८२५ |
| | नि.प्र.प.अ. धमेन्द्र शाह | सुर्खेत | २०७५/२/९–२/१५ | ११००० | १००० |
| | अध्यक्ष श्री धिर ब.विष्ट | सुर्खेत | २०७४/२/१०–२/१६ | ११००० | १००० |
| | प.स्व.प्र. श्री पूर्ण गिरि | नेपालगञ्ज | २०७५/३/१३–३/१९ | ८२५० | ८२५ |
| | स्वा.संयोजक लंक ब.बटाला | काठमाडौं | २०७५/१/३१–३/६ | ८२५० | ८२५ |
| | | | | | ११६००/- |

